नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र**
हरिहरभवन, ललितपुर।

☎९७७-०१-५५२१३५९
🖷९७७-०१-५५२६२७६
इमेल: sqccnepal@gmail.com
वेभसाइट: www.sqcc.gov.np

## तन्तु प्रजनन (Tissue Culture) प्रयोगशाला मार्फत प्रजनन (पूर्व मूल-Pre Basic) बीउ आलु उत्पादन अनुमति सम्बन्धि सूचना ।

(प्रथम पटक प्रकासित मितिः २०७८ साल साउन २५ गते)

बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ को दफा ६४(८) मा भएको व्यवस्था अनुसार निजीस्तरमा तन्तु प्रजनन (Tissue Culture) प्रयोगशाला स्थापना र संचालनका लागि न्यूनतम पूर्वाधार/शर्तहरु पूरा गरेका संस्थाहरुलाई प्रयोगशाला संचालनको लागि अनुमति प्रदान गर्ने राष्ट्रिय बीउ बिजन समितिको मिति २०७६/०१/२३ को ५२ औं बैठकको निर्णय तथा राष्ट्रिय बीउ बिजन समितिको मिति २०७८/०३/२५ को ५९ औं बैठकबाट प्रजनन बीउ आलु उत्पादन तथा प्रमाणीकरण मापदण्ड, २०७८ स्विकृत समेत भएको हुँदा निजीस्तरबाट तन्तु प्रजनन (Tissue Culture) प्रयोगशाला स्थापना र संचालन मार्फत प्रजनन (पूर्व मूल- Pre Basic) बीउ आलु उत्पादन गरिरहेका संस्थाहरुलाई अनुमति पत्र प्राप्तिको लागि यो सूचना प्रकासन भएको १५ दिन भित्र तपसिल अनुसारका कागजात सहित आवेदन पेश गर्नु हुन यो सूचना प्रकासित गरिएको छ।

तपसिलः

१. केन्द्रले तयार गरेको अनुसूचि १ बमोजिमको आवेदन।
२. अनुसूचि २ बमोजिमको प्रजनन (पूर्व मूल- Pre Basic) बीउ आलु उत्पादन गर्ने तन्तु प्रजनन (Tissue Culture) प्रयोगशालाको आधारभूत विवरणहरु।
३. संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, गत आ.व.को कर चुक्ता प्रमाणपत्र र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपीहरु।
४. आधिकारिक व्यक्तिलाई अख्तियार प्रदान गरिएको पत्र वा निर्णय र आवेदकको नागरिकताको प्रतिलिपीहरु।
५. प्राविधिक जनशक्तिः बायो टेक्नोलोजिष्ट १ जना र कृषि विषयमा स्नातक गरेको १ जना गरी २ जना वा तन्तु प्रजनन (Tissue Culture) प्रयोगशालामा न्यूनतम २ वर्ष कार्य अनुभव रही कृषि विषयमा स्नातक उर्तिण गरेको १ जना एवम् अन्य Lab Technicians हरु भए उनीहरुसंग समेत न्यूनतम १ वर्षका लागि भएको करार सम्झौता पत्र र शैक्षिक योग्यतासंग सम्बन्धित कागजातहरुको प्रतिलिपीहरु एवम् CV (व्यक्तिगत विवरणहरु) ।
६. प्रयोगशालाका पूर्वाधारहरु रहेको जमीनको लालपूर्जाको प्रतिलिपी वा लिजमा भए करार सम्झौता पत्रको प्रतिलिपी।
७. प्रयोगशालाको पूर्वाधारहरुको रंगिन फोटाहरु।

२०७८/०४/२५

बेनु प्रसाद प्रसाई
प्रमुख
(रा. प. प्र. प्रा.)

*नोटः अनुसूचि १ अनुसूचि २ संग सम्बन्धित फारमहरु यस केन्द्रको Website: sqcc.gov.np बाट डाउनलोड गर्न सकिनेछ।*